स्थानीय सरकार

# वीरगंज राजपत्र

वीरगंज महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ४ वीरगंज फागुन २७ गते, २०७७ साल (संख्या ३)

**भाग - १**

वीरगंज महानगरपालिका

## वीरगंज महानगरपालिकाको

## फोहरमैला व्यवस्थापन ऐन २०७५ को (पहिलो संसोधन)

## २०७७

स्थानीय सरकार

# वीरगंज राजपत्र

वीरगंज महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ४ वीरगंज फागुन २७ गते, २०७७ साल (संख्या ३)

## भाग - १

## वीरगंज महानगरपालिका

# वीरगंज महानगरपालिकाको

# फोहरमैला व्यवस्थापन ऐन २०७५ को (पहिलो संसोधन)

# २०७७

# फोहरमैला व्यवस्थापन ऐन २०७५ को पहिलो संसोधन २०७७

फोहरमैला व्यवस्थापन ऐन २०७५ लाई संसोधन गर्न वाञ्छनिय भएकाले,

फोहरमैला व्यवस्थापन ऐन २०७५ को व्यवस्था वमोजिम आठौं नगर सभाले फोहरमैला व्यववस्थापन ऐन २०७५ लाई संसोधन गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ : (१)** यस ऐनको नाम वीरगंज महानगरपालिकाको फोहोरमैला व्यवस्थापन (पहिलो संसोधन) ऐन २०७७ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **फोहोरमैला व्यवस्थापन ऐन २०७७ को दफा २१ मा संसोधन :**

२.१ फोहोरमैला व्यवस्थापन ऐनको दफा २१ को उपदफा २ मा देहाय बमोजिम को संसोधन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन् ।

क) महानगरपालिकाका प्रमुख - अध्यक्ष

ख) महानगरपालिकाका उपप्रमुख - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) कार्यपालिका सदस्यहरुमध्येबाट नगरकार्यपालिकाले मनोनित गरेका एक जना -सदस्य

ङ) वीरगंज उद्योग वाणिज्य संघसँगको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि एक जना - सदस्य

च) महानगरपालिका, सामाजिक विकाश महाशाखाका प्रमुख - सदस्य

छ) महानगरपालिका शहरी विकास महाशाखा प्रमुख - सदस्य

ज) नगर क्षेत्रभित्र फोहरमैला व्यवस्थापनमा कार्य गर्ने नीजि क्षेत्र/गै.स.स.हरुमध्येबाट महानगर प्रमुखले तोकिएको १ जना -सदस्य

झ) महानगर प्रमुखले तोकेको सरसफाई तथा वातावरण विज्ञ एक जना - सदस्य

ञ) नगर प्रहरी प्रमुख -सदस्य

ट) फोहोर मैला व्यवस्थापन शाखा प्रमुख -सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (घ) र (ङ) बमोजिम सदस्यमा मनोनित सदस्यको पदावधि ३ वर्षको हुनेछ ।

**३. फोहोरमैला व्यवस्थापन ऐनको दफा २४ उपदफा छ पछि २४छ (१). थप :**

२४ छ (१) घर, कम्पाउन्ड वा परिसरको फोहोरमैला नालामा जथाभावी राख्ने, फाल्ने वा थुपार्ने ।

**४. फोहोरमैला व्यवस्थापन ऐनको दफा २५ उपदफा १ मा संसोधन :**

१. "पहिलोपटक भए ५००० जरिवानाको सट्टा १००० देखि ५००० सम्म दोस्रो पटक ५००० देखि १०००० को सट्टा २००० देखि १००००सम्म र तेस्रोपटक देखि प्रति पटक १०००० कायम गरिएको ।"

**फोहोरमैला व्यवस्थापन ऐनको दफा २५ उपदफा ६ मा संसोधन :**

६. "तोकिएको सजाय रकमलाई १००० देखि १५,००० कायम गरिएको ।"

**फोहोरमैला व्यवस्थापन ऐनको दफा २५ उपदफा १३मा १३क थप :**

१३ क. "दफा २४ मा उल्लेख गरेको भन्दा अन्य कुनै फोहरमैला जन्य कसुरमा दफा २१ बमोजिमको समितिले तोके वमोजिम को सजाय हुनेछ । "

**फोहोरमैला व्यवस्थापन ऐनको दफा २६ उपदफा ३ मा ३क थप :**

३ क. "दफा २४ बमोजिमको कसुर गर्नेलाई दफा २५ वमोजिम गरिएको जरिवाना असुल उपर गर्ने र सजाय कार्यन्वयन गर्ने क्रममा सहयोग आवश्यक परेमा सरसफाई व्यवस्थापन शाखाले सम्वन्धित वडा प्रहरी कार्यलय र जिल्ला प्रशासन कार्यलय सँग आवश्यक सहयोग माग गर्न सक्नेछ ।"

नगर सभाबाट पारित मिति : २०७७/१०/१५

प्रमाणिकरण मिति : २०७७/१०/२६

प्रकाशन मिति : २०७७/११/०७

आज्ञाले

प्रदीपकुमार निरौला

प्रमुख प्रशासकीय अधिकृत